नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या:- ६३०

मिति :- २०७१/९/१४

नेपाल राष्ट्र बैंक, वैकिङ्ग कार्यालय लगायत अन्य कार्यालय, इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय: चिनिया मुद्रा युआन (Yuan) मा हुने कारोवारका सम्वन्धमा ।

महाशय,

द्विपक्षीय भुक्तानी तथा हिसाब मिलान र सहयोगको सम्बन्धमा नेपाल राष्ट्र बैंक र पिपुल्स बैंक अफ चाइना बीच मिति २०५९।३।३ मा सम्पन्न मुल सम्झौता र मिति २०७१।९।८ मा सम्पन्न यस सम्वन्धी पूरक सम्झौता कार्यान्वयनको सिलसिलामा निम्न व्यबस्थाहरू लागू गरिएको हुँदा सोही बमोजिम गर्न/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. बैंक तथा वित्तीय संस्थाहरुले यस बैंकको स्वीकृति लिई जनवादी गणतन्त्र चीनस्थित कुनैपनि वाणिज्य बैंकमा युआन (Yuan) मा खाता खोल्न सक्नेछन् ।

२. बैंक/वित्तीय संस्थाहरूले कारोवारका लागि आवश्यक पर्ने परिवर्त्य विदेशी मुद्रा बिक्री गरी चिनियाँ मुद्रा युआन (Yuan) खरिद गर्न सक्नेछन् र खरिद गरिएको युआन (Yuan) चीनस्थित वाणिज्य बैंकमा खोलिएको खातामा जम्मा गर्न सक्नेछन् ।

३. अन्तराष्ट्रिय व्यापारका भुक्तानी सम्वन्धी प्रचलनहरु तथा यस बैंकवाट जारी परिपत्रहरुको अधिनमा रही नेपालका बैंक तथा वित्तीय संस्थाहरुले नेपाली व्यापारिक फर्महरु तथा चिनियाँ व्यापारिक फर्महरु विचको व्यापारको लागि एल.सी. डाफ्ट, टि.टि. लगायतका माध्यमवाट हुने भुक्तानी र हिसाव मिलान चिनिया मुद्रा युआनमा गर्नसक्ने छन् ।

४. नेपाली निर्यातकर्ताहरूले चिनियाँ बजारमा गर्ने वस्तु निर्यात, सेवा विक्री तथा नेपाली फर्म, कम्पनी वा उद्योगले चीनवाट प्राप्त गर्ने ऋण वा प्रत्यक्ष वैदेशिक लगानी वापत प्राप्त रकम सम्वन्धित बैंक/वित्तीय संस्थाहरूले युआन मै खाता खोली जम्मा गर्न सक्नेछन् ।

५. यस बैंकवाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था एवं व्यक्ति, फर्म, कम्पनी, संस्थाहरुले नेपाल भ्रमणमा आउने चिनियाँ पर्यटकका अतिरिक्त अन्य ग्राह्य स्वदेशी तथा विदेशी व्यक्तिहरुबाट प्रचलित बिनिमय दरमा चिनियाँ मुद्रा युआन (Yuan) खरिद गर्न सक्नेछन् । यसरी गरिने खरिद पर्यटकहरूबाट सोझै वा इजाजत प्राप्त अन्य निकायहरू जस्तै होटेल, ट्राभल एजेन्सी, मनिचेञ्जर आदि मार्फत पनि गर्न सकिनेछ ।

६. सम्वन्धित बैंक/वित्तीय संस्थाहरूले खरिद गरेको युआन (Yuan) चीनस्थित वाणिज्य बैंकमा खोलिएको आफ्नो खातामा जम्मा गर्न पठाउन सक्नेछन् ।

७. प्रचलित व्यवस्था अन्तरगत रही चीनमा अध्ययन गर्ने बिद्यार्थीलाई निर्वाह खर्च तथा निजले अध्ययन गर्ने विश्वविद्यालय / कलेजको नाममा शिक्षण शुल्क वापत चिनियाँ युआनमा समेत सटही सुविधा उपलब्ध गराउन सकिने छ ।

८. चिनिया मुद्रा युआनमा आय प्राप्त गर्ने व्यक्ति, फर्म, कम्पनीले खोलेको युआन खातावाट प्रचलित व्यवस्था अनुरुप तोकिएको सीमासम्म युआनमा भुक्तानी गर्न सकिनेछ ।

९. प्रचलित व्यवस्था वमोजिम विदेशी मुद्रामा खाता खोल्न ग्राह्य व्यक्ति, फर्म, कम्पनी वा संस्थासंग चिनिया मुद्रा लिएर सटही गरी अन्य परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न/जम्मा गर्न पाइने छैन ।

१०. चिनिया मुद्रामा जारी भएका क्रेडिट/डेविट कार्ड प्रयोगवाट नेपाली रुपैयामा भुक्तानी दिन सकिने छ । यस्तो रकमको हिसाव मिलान चीनस्थित आफ्नै युआन खातावाट गर्न सकिनेछ ।

यस बैंकबाट मिति २०६३/१२/११ मा जारी इ.प्रा.परिपत्र संख्याः ४२३ र मिति २०६५/५/११ मा जारी इ.प्रा. परिपत्र संख्याः ४७९ खारेज गरिएको छ ।

भबदीय,

(भिष्मराज ढुंगाना)
का.मु.कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यबस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
८. श्री सूचना प्रविधि विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री डेभलपमेन्ट बैकर्स एशोसिएशन, पो.व.नं. २१०२६, अनामनगर, काठमाण्डौ ।
११. श्री नेपाल उद्योग वाणिज्य महासंघ, मिलनमार्ग, टेकु
१२. श्री नेपाल उद्योग परिसंघ, मिलनमार्ग, टेकु
१३. श्री नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्टस्, गैरीधारा, काठमाडौ ।